# गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०

प्रस्तावना: प्रदेशको सडक निर्माण, विस्तार, स्तरोन्नति तथा मर्मत-सम्भार गर्दै सर्वसाधारण नागरिकलाई सुलभ, सुरक्षित, आरामदायी र मितव्ययी आवागमनको प्रत्याभूति गराउन, सडकको वर्गीकरण गर्न, नागरिकको हित र आर्थिक गतिविधिको अभिवृद्धि एवम् दिगो वातावरणीय व्यवस्थापन सहित समग्र सडक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गण्डकी प्रदेश सडक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “कार्यालय” भन्नाले मन्त्रालय अन्तर्गतका शहरी विकास तथा भवन कार्यालय र पूर्वाधार विकास कार्यालय सम्झनुपर्छ।

(ख) “कार्यालय प्रमुख” भन्नाले सम्बन्धित शहरी विकास तथा भवन कार्यालय र पूर्वाधार विकास कार्यालयको प्रमुखको रुपमा प्रदेश सरकार वा मन्त्रालयले खटाएको अधिकृत सम्झनु पर्छ।

(ग) "जग्गा" भन्नाले घर, वाग, बगैचा, रुख, कारखाना, ताल, पोखरी इत्यादि भएको समेत सबै किसिमको जग्गा सम्झनु पर्छ र सो शव्दले स्थायी रुपले जोडिएका निर्मित संरचना र बस्तु समेतलाई जनाउनेछ।

स्पष्टीकरण: “निर्मित संरचना” भन्नाले घर बाहेकको घर वा अन्य संरचनाले चर्चेको ठाउँ समेतको संरचना सम्झनुपर्छ।

(घ) “तराई क्षेत्र” भन्नाले यस प्रदेशभित्रका चुरे पहाडभन्दा दक्षिणको समथर भू-भागलाई सम्झनुपर्छ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(च) "दस्तुर" भन्नाले दफा २३ बमोजिम लगाइएको दस्तुर सम्झनु पर्छ।

(छ) “निर्देशनालय” भन्नाले मन्त्रालय मातहत रहेको पूर्वाधार विकास निर्देशनालय सम्झनु पर्छ र निर्देशनालयलाई विभाग भनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना जारी गरेमा स्वतः विभागमा रुपान्तरण हुनेछ।

(ज) “निर्देशक” भन्नाले पूर्वाधार विकास निर्देशनालयको प्रमुखको रुपमा वा विभागको महानिर्देशकको रुपमा प्रदेश सरकार वा मन्त्रालयले खटाएको अधिकृत सम्झनु पर्छ।

(झ) "प्रदेश सडक" भन्नाले प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने सार्वजनिक सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कल्भर्ट, साईकलमार्ग र फुटपाथलाई समेत जनाउँछ।

(ञ) “प्रदेश लोकमार्ग” भन्नाले राष्ट्रिय लोक मार्ग बाहेकका दुई वा दुई भन्दा बढी जिल्ला भएर जाने प्रदेशका प्रमुख सडक, छिमेकी प्रदेश जोड्ने प्रदेशका मुख्य सडक, राष्ट्रिय लोकमार्गबाट शुरु भई अर्को राष्ट्रिय लोकमार्ग जोड्ने सडक, कुनै केन्द्रिय सडक संजालमा नपर्ने दुई जिल्लाका केन्द्र जोड्ने सडक, संघबाट हस्तान्तरीत सहायक लोकमार्गहरु र प्रदेश सरकारले निर्णय गरेका प्रदेश गौरवका सडकहरु सम्झनु पर्छ।

(ट) “प्रादेशिक सडक” भन्नाले प्रदेशभित्रका स्थानीय तहको केन्द्र जोड्ने सडक, एकै जिल्ला भित्र रहेका राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्ग देखि कृषि, पर्यटन, उद्योग व्यापार, खानी, जलाशय तथा प्रदेशका महत्त्वपूर्ण आयोजना स्थल जोड्ने सडक, अन्तर्राष्ट्रिय सीमाना तथा राष्ट्रिय लोकमार्ग जोड्ने सीमा सडकहरु सम्झनु पर्छ।

(ठ) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास र शहरी विकास तथा भवन कार्यालय सम्बन्ध विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) "सडकको सीमा" भन्नाले प्रदेश सडक र त्यस्तो सडकको केन्द्र रेखा देखि दायाँ वायाँ जग्गाको दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ।

(ढ) "सार्वजनिक सडक" भन्नाले निर्धारित सडक क्षेत्राधिकार भित्र प्राविधिक मापदण्ड पुरा गरी निर्माण गरिएको, सार्वजनिक रुपमा ढुवानी तथा यातायातका साधनहरु सञ्चालन गर्न सकिने मार्ग सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कजवे, कल्भर्ट, साइकलमार्ग, फुटपाथ, मेडीएन तथा रोड फर्निचर्सलाई समेत जनाउँछ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ।

## परिच्छेद -२

## प्रदेश सडकको वर्गीकरण, सडकको सीमा र जग्गा प्राप्ति

३. **प्रदेश सडकको वर्गीकरण:** प्रदेश सडकको वर्गीकरण देहाय बमोजिम हुनेछ:-

**तराई क्षेत्रमा**

| **सडकको वर्ग** | **कुल सडक सीमा (राइट अफ ओए) (सडकको केन्द्रबाट दुवै तर्फ)** |
|---|---|
| (क) प्रदेश लोकमार्ग | १५ मिटर |
| (ख) प्रादेशिक सडक | १२.५० मिटर |

**पहाडी क्षेत्रमा**

| **सडकको वर्ग** | **कुल सडक सीमा (सडकको केन्द्रबाट दुवै तर्फ)** |
|---|---|
| (क) प्रदेश लोकमार्ग | १२.५० मिटर |
| (ख) प्रादेशिक सडक | १० मिटर |

**हिमाली क्षेत्रमा**

| **सडकको वर्ग** | **(सडकको केन्द्रबाट दुवै तर्फ)** |
|---|---|
| (क) प्रदेश सडक | ५ मिटर |

स्पष्टीकरणः "हिमाली क्षेत्रका सडक" भन्नाले गण्डकी प्रदेश भित्रका जिल्लाका क्षेत्र मध्ये मनाङ र मुस्ताङ, लम्जुङ, गोरखा, बागलुङ र म्याग्दीका केही क्षेत्रका सडकहरु हिमाली क्षेत्रका सडक भनी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका सडकलाई समेत सम्झनुपर्छ।

तर एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र बस्तीको कारण त्यस्तो सडक सीमा घटिबढी गर्न वा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली आवश्यक सीमा तोक्न सक्नेछ।

४. **प्रदेश सडकको सीमा:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सडकलाई दफा ३ बमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतिर तोकिएको दूरी कायम गरी सडक सीमा निर्धारण गर्नेछ।

५. **जग्गा प्राप्त गर्न सकिने:** प्रदेश सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा प्रदेश सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

६. **वार्ताद्वारा जग्गा प्राप्त गर्न सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा मातहत कार्यालयले सार्वजनिक कामको लागि कुनै जग्गा सम्बन्धित जग्गावालासित वार्ताद्वारा प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाहेकको अवस्थामा प्रदेश सरकारले जग्गा प्राप्त गर्न, मुअब्जा तोक्न र सो दर्ता लगायतका कार्य गर्न आवश्यक देखेमा कार्यविधि बनाई जारी गर्न सक्नेछ।

७. **आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिनेः** (१) प्रदेश सडकको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा जस्ता निर्माण सामाग्री लिन आवश्यक परेमा निर्देशनालयको निर्णयानुसार वातावरणीय प्रभाव न्यून गरी आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा जस्ता निर्माण सामाग्री लिन सकिनेछ । त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा त्यसमा रहेको कुनै बाली, रुख, विरुवा वा अन्य कुनै संरचना तथा वस्तुको नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्नेछ। त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा सम्बन्धित घरधनीको पूर्व स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु हुँदैन।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सडक निर्माणको क्रममा सडक सीमाभित्र (राईट अफ ओए) बाट निस्किएका माटो, ढुङ्गा वा बालुवा सोही आयोजनामा प्रयोग गर्न सकिनेछ। प्रयोग पश्चात् बाँकी रहेको कुनै पनि माटो, ढुङ्गा, बालुवा जस्ता प्राकृतिक स्रोत सार्वजनिक सम्पत्ति हुनेछ।

## परिच्छेद —३

## सडक सुरक्षा

८. **स्थायी संरचना बनाउन निषेध गर्न सकिने:** (१) दफा ३ बमोजिम सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनाराबाट ३/३ मिटरमा नबढ्ने गरी तोकेको क्षेत्रभित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी संरचना (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न  पाईने छैन।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रभित्र कसैले कुनै किसिमको स्थायी संरचना निर्माण गरेमा त्यस्तो संरचना निर्देशनालय वा कार्यालयले भत्काउन सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश दिंदा पनि नभत्काएमा निर्देशनालय वा कार्यालयले आफै भत्काई, भत्काउन लगाई सोको खर्चसमेत सम्बन्धित व्यक्ति वा निकायबाट असुल उपर गर्नेछ।

(३) उपदफा (२) बमोजिमको संरचना भत्काएको वा नभत्काएको सम्बन्धमा अनुगमन सुपरीवेक्षण गर्न मन्त्रालयले तोकिए बमोजिमको अनुमगन सुपरीवेक्षण समिति गठन गर्न सक्नेछ।

९. **सडकको दायाँ, बायाँ र मेडीऐनमा (बीचमा) रुख विरुवा लगाउने र त्यसको रेखदेख:** (१) प्रदेश सडकको दायाँ बायाँ र मेडीऐनमा सम्बन्धित आयोजनाले हरियाली प्रवर्धन गर्नका लागि उपयुक्त रुख विरुवा लगाउन सक्नेछ।

(२) कार्यालय र सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम लगाएका रुख बिरुवाहरुको रेखदेख, संरक्षण र व्यवस्थापन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम लगाइएको रुख विरुवाको काँटछाँट गर्ने वा त्यस्तो रुख विरुवाले आवागमनमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने जिम्मेवारी कार्यालय र सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा  कार्यालय र सम्बन्धित स्थानीय तहले वन कार्यालय, उपभोक्ता समिति वा सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

(५) प्रदेश सडक आयोजना निर्माण गर्दा वनजङ्गल संरक्षित क्षेत्र वा सो सँग सम्बन्धित अन्य क्षेत्रमा आवश्यकता अनुसार जैविक मार्गको निर्माण संरक्षण तथा बन्यजन्तुमैत्री बनाउनुपर्नेछ।

(६) यस दफा बमोजिम रुख विरुवा लगाउने र हरियाली प्रवर्धन गर्ने कार्य प्रदेश सडक आयोजनाको अभिन्न अङ्ग हुनेछ।

१०. **भारवहन क्षमताको हद निर्धारण गर्ने:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै प्रदेश सडकले वहन गर्न सक्ने भारवहन क्षमताको आधारमा त्यस्तो प्रदेश सडकमा त्यसरी तोकिएको भारवहन क्षमताभन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

(२) प्रदेश सडकहरुमा कति भार क्षमताको सवारी साधन गुड्न मिल्ने हो त्यस्तो संकेत विभिन्न स्थानहरुमा राख्नुपर्नेछ।

(३) निर्धारण भएको भारवहन क्षमताभन्दा बढी भएको सवारी साधन उक्त सडकमा चलाउन पाईने छैन।

(४) उपदफा (३) बमोजिमको क्षमता भन्दा बढी भएको सवारी साधन चलाएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

११. **आवागमनमा बाधा पुऱ्याउने माल वस्तु हटाउने अधिकार:** (१) कसैले प्रदेश सडकमा कुनै माल वस्तु राख्न पाइने छैन तर कुनै माल, बस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त उचित अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा निर्देशनालय वा कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई कार्यालयले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो माल वस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार कार्यालयलाई हुनेछ।

(४) उपदफा (१) मा उल्लिखित माल वस्तु बाहेक सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर, पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै चीज वस्तु, गेट, रुखको हाँगा, लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा तोकिएबमोजिमको म्याद भित्र कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेश गर्दा निर्देशनालय वा कार्यालयले सम्बन्धित चीज वस्तु वा गेटलाई राख्ने, बनाउने, जोड्ने ढाँचा र रुख वा लहरालाई काँट छाँट गरी कायम गर्नुपर्ने उचाई समेत तोक्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम पुरा गर्न नसक्ने भई म्याद थप गर्नु परेमा सम्बन्धित व्यक्तिले कारण समेत खोली कार्यालयमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा कार्यालयले एक पटकलाई पन्ध्र दिनको म्याद थप गर्न सक्नेछ।

(७) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (६) बमोजिम म्याद थप गरिएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारबाही नगरेमा कार्यालयले आफ्नो कर्मचारी वा सुरक्षा निकायको सहयोग लिई त्यस्तो आदेशमा उल्लिखित काम कारवाही गराउन सक्नेछ।

१२. **स्वीकृति नलिई प्रदेश सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने:** (१) निर्देशनालयको स्वीकृति प्राप्त नगरी कसैले प्रदेश सडकसँग जोडिने गरी प्रवेश मार्ग, सार्वजनिक सडक वा निजी सडक बनाउन हुदैन।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनका लागि “निजी सडक” भन्नाले कुनै व्यक्तिको निजी स्वामित्वमा रहेको जग्गासम्म पुग्नका लागि निजले बनाएको सडक सम्झनु पर्छ।

(२) सडक सीमाभित्र खाडल वा कूलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दूरसंचारका केवल आदि टाङ्न वा बनिसकेका पक्की सडकहरुको संरचना बिग्रने गरी खानेपानीको पाइप, विद्युत र टेलिफोनका तार पुर्न वा यस्तै अन्य कुनै कार्य गर्न हुँदैन।

(३) कसैले निर्देशनालय वा कार्यालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा निर्देशनालयले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारवाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल र कूलो पुर्न, गाडेको र उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न तथा हटाउन, बनाएका घर टहरो र छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बँझ्याउन वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दूरसंचारका केवल आदि हटाउन वा बनिसकेका पक्की सडकहरुको संरचना विग्रने गरी खानेपानीको पाइप, विद्युत र टेलिफोनका तार हटाउन पन्ध्र दिनको म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा आदेशात्मक सूचना जारी गर्न सक्नेछ।

(४) सम्बन्धित व्यक्तिले उपदफा (३) बमोजिम जारी भएको आदेश पालन नगरेमा निर्देशनालय वा कार्यालयले त्यस्तो व्यक्तिले बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल, कूलो पुर्न, गाडेको, उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन, बनाएको घर, टहरो, छाप्रो भत्काउन वा आबादी गरेको जग्गा बझ्याउन वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दूरसंचारका टाङ्गिएका केवल वा बनिसकेका पक्की सडकहरुको संरचना विग्रने गरी राखिएका खानेपानीको पाइप, विद्युत र टेलिफोनका तार हटाउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्ति वा निकायबाट निर्देशनालय वा कार्यालयले असुल उपर गरी लिन सक्नेछ ।

(५) निर्देशनालय वा कार्यालयले समय समयमा उपदफा (१) बमोजिमका क्रियाकलाप भए नभएको सम्बन्धमा अनुगमन गरी उपदफा (४) बमोजिमको काम गर्ने गराउनेछ ।

(६) कुनै सरकारी वा अर्ध सरकारी निकायले कुनै सार्वजनिक कामको लागि प्रदेश सडक वा सडक सीमा भित्र खन्नु पर्दा निर्देशनालय वा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यसरी सडक वा सडक सीमा भित्र खन्ने सम्बन्धमा निर्देशनालय वा कार्यालयले तोकेको शर्त समेत पालन गर्नु पर्नेछ।

(७) निजी व्यवसाय प्रयोजनका लागि प्रदेश सडक वा सडक सीमा भित्र खन्नु पर्दा वा सडक निर्माण गर्नुपर्दा निर्देशनालय वा कार्यालयको अनिवार्य स्वीकृति लिनुपर्नेछ सो सम्बन्धमा मन्त्रालयले आवश्यक कार्यविधि बनाई जारी गर्न सक्नेछ।

(८) प्रदेश सडक वा सडक सिमाभित्र घरपालुवा पशुपंक्षी वा जनावर छाडा छाड्नु हुँदैन। कसैले छाडा छाडेका कारण सवारी दुर्घटना हुन् गई त्यस्तो दुर्घटनाबाट

पशुपन्छी वा जनावर घाइते भएमा वा मरेमा सवारी धनीले कुनै दायित्व बेहोर्नु पर्ने छैन।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो पशुपंक्षी वा जनावरको आक्रमणबाट सवारी धनी घाईते भएमा वा मृत्यू भएमा, सवारी साधनमा क्षति पुगेमा वा यात्रु घाईते वा मृत्यू भएमा प्रचलित कानून बमोजिम सजाय गरी सवारी धनीलाई पुगेको क्षति सम्बन्धित पशुपंक्षी वा जनावरको मालिकले बहन गनुपर्नेछ।

(१०) सार्वजनिक सडकको अंगको रुपमा रहेको सडक सतह, पुल, कजवे, कल्भर्ट, साइकलमार्ग, फुटपाथ, मेडीएन र रोड फर्निचर्स लगायतका औजारहरु सहितका संरचनालाई कसैले भत्काउने, फुटाउने वा अन्य यस्तै कार्य गरि क्षति पुऱ्याउने कार्य गर्नु हुदैन।

१३. **<u>धरौटी दाखिला गराउने वा दस्तुर लिने अधिकार</u>:** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै कामको निमित्त प्रदेश सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा निर्देशनालय वा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि माग गरेमा निर्देशनालय वा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने प्रदेश सडक वा सडक सीमालाई मर्मत गरी पूर्ववत स्वरुपमा कायम गर्न लाग्ने खर्चको अनुमान गरी सम्बन्धित पक्षबाट लाग्ने दस्तुर वा धरौटी दाखिला गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम धरौटी रकम जम्मा गरेको प्रमाण पेश भएपछि निर्देशनालय वा कार्यालयले सडक वा सडक सीमा खन्न स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिंदा त्यसरी सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरिका वा जुन कामको लागि खनिएको हो सोको प्रयोजन समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरु निर्देशनालय वा कार्यालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरु पालन गर्नेछु भनी स्वीकृति माग गर्ने व्यक्तिबाट कबुलियत गराउनु पर्नेछ।

१४. **<u>खर्च भराउन सक्ने</u>:** (१) दफा ११ को उपदफा (३) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (७) बमोजिम कुनै कारवाही गर्दा निर्देशनालय वा कार्यालयले गरेको खर्चको रकम सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन निर्देशनालय वा कार्यालयले सरोकारवाला व्यक्तिको नाउँमा पन्ध्र दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

(३) सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी छाडेको वा राखेको कुनै माल वस्तुलाई कार्यालयले आफ्नो नियन्त्रणमा लिएको भए त्यस्तो माल पन्छाउँदा वा अन्यत्र लैजाँदा सो कार्यालयले व्यहोर्नु परेको खर्च असुल उपर नहुन्जेल त्यस्तो माललाई रोक्का गरी राख्न सक्नेछ र तीन महिनासम्म पनि त्यस्तो खर्च असुल उपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा निर्देशनालय वा कार्यालयले जफत गरी लिलाम गर्न सक्नेछ ।

**१५. <u>सडक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने</u>** : (१) यस ऐनको दफा ३ अनुसारका सडक निर्माण गर्दा यातायात सञ्चालनलाई सुरक्षित बनाउन सडक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्नेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनका लागि सडक सुरक्षाका उपाय भन्नाले भीर, पहरा, साँघुरो सडक, घुम्ती र बस्तीहरुमा सडक किनारामा सुरक्षा स्तम्भहरु बनाउन, पुल, घुम्ती, दुर्घटना ग्रस्त क्षेत्र जस्ता स्थानहरुमा स्पष्ट देखिने र बुझिने संकेत चिन्हहरु राख्न साँघुरा मोडहरुमा कन्भेक्स ऐना र सडक बत्ती राख्न तथा आवश्यक स्थानहरुमा डिभाइडर, सडक पेटी, अपाङ्गता/फरक क्षमतामैत्री संरचना र साइकल मार्ग लगायतका सडक सुरक्षा संरचना आदि बनाउने कार्य सम्झनु पर्छ।

(२) प्रदेश लोकमार्ग तथा प्रादेशिक सडक सुरक्षित र व्यवस्थित गर्ने हेतुले प्रदेश सरकार र स्थानीय तहले ठाउँ ठाउँमा आवश्यकतानुसार उपयुक्त प्रविधि जडान गर्न सक्नेछन।

**१६. <u>सडक र सडक सिमाभित्र फोहरमैला गर्न नहुने</u>:** (१) कुनै पनि व्यक्ति, संस्था वा निकायले प्रदेश सडक सीमा भित्र कुनै किसिमको फोहरमैला गर्नु हुदैन।

## परिच्छेद-४

## कसूर र सजाय सम्बन्धी व्यवस्था

**१७. कसूरः** (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिमको निर्देशक वा कार्यालय प्रमुखले कुनै कारवाही गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने कार्य गर्दा वा अन्य कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा,

(ख) दफा ९ बमोजिम लगाएको रुख उखेलेमा वा काटेमा,

(ग) दफा १२ को उपदफा (९) विपरित कुनै काम गरेमा,

(घ) दफा १२ को उपदफा (१०) विपरितको काम गरेमा,

(ङ) दफा १६ बमोजिम फोहोरमैला गर्ने व्यक्ति संस्था वा निकाय भएमा,

(च) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दशहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(ख) खण्ड (घ) बमोजिमको कसूर गरेमा कसूरको प्रकृति र गाम्भिर्यता हेरी पचासहजार रुपैयाँसम्म जरिवाना र भत्केको सडक यथास्थितिमा ल्याउदा लाग्ने खर्च वापतको रकम मध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

(ग) खण्ड (ख), (ङ) र (च) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँसम्म जरिवाना,

(घ) उपदफा (२) को खण्ड (ग) बमोजिमको कसूर गरेमा पचास

हजार रुपैयाँ सम्मको मनासिब क्षतिपूर्ति पशुपन्छी धनी मार्फत भराई दिनुपर्छ सो क्षतिपूर्ति बाहेकको कसूर गरेको भएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

## परिच्छेद-५

## मुद्दाको अनुसन्धान तथा पुनरावेदन सम्बन्धी व्यवस्था

१८. **मुद्दाको अनुसन्धानः** यस ऐन बमोजिम निर्देशक वा कार्यालय प्रमुखले कुनै कारवाही गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गरी निर्णय गर्न सक्नेछ।

१९. **सफाईको मौका दिनुपर्नेः** यस ऐन बमोजिम कारवाही र जरिबाना गर्नु अघि सफाईको मनासिब मौका दिनुपर्नेछ।

२०. **मुद्दा हेर्ने अधिकारीः** (१) दफा १७ को उपदफा (१) बमोजिम कसूरको मुद्दा हेर्ने अधिकार निर्देशनालय वा कार्यालय प्रमुखलाई हुनेछ।

२१. **पुनरावेदनः** यस ऐनको दफा २० बमोजिम अख्तियार प्राप्त अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझेमा त्यस्तो आदेश वा निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ।

२२. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-६

## विविध

२३. **शुल्क लगाउन र उठाउन सक्नेः** (१) प्रदेश सरकारले निर्माण गरेका वा हस्तान्तरण भई प्राप्त भएका सडकको उपभोग गर्ने सवारी साधनमा तोकिने मर्मत सम्भार सेवा शुल्कको दर र शुल्क संकलन गर्ने कार्यविधि प्रदेश सरकारको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

तर, माथि जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी भए पश्चात् ऐन जारी भएको आर्थिक वर्षका लागि प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो मर्मत सम्भार सेवा शुल्कको दर र शुल्क संकलन गर्ने प्रक्रिया तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाएको शुल्क मन्त्रालय आफैंले संकलन वा तोकिएको प्रक्रिया अपनाई कुनै संस्था वा निकाय मार्फत संकलन गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम संकलन भएको मर्मत सम्भार सेवा शुल्क प्रदेश संचित कोषमा जम्मा हुनेछ।

२४. **प्रदेश सडक निर्माण, स्तरोन्नति, विस्तार तथा मर्मत सम्भार गर्न छनौट गर्ने आधारः** (१) कुनै सडकलाई प्रदेश सडकको रुपमा छनौट गर्न तोकिए बमोजिमको मापदण्ड वा आधार पुरा गरेको हुनु पर्नेछ।

(२) यस दफा बमोजिम प्रदेश सडकको निर्माण विस्तार स्तरोन्नति तथा मर्मत सम्भार गर्ने आयोजनाको छनौट गर्दा प्रदेश सरकारको गुरुयोजना वा आयोजना बैंकमा उल्लेख गरेको अनुसूची बमोजिमको सडक आयोजना छनौटको प्राथमिकताक्रमका आधारमा गर्नुपर्नेछ।

२५. **निजी क्षेत्रलाई लगानीको अनुमति दिन सकिनेः** (१) प्रदेश सरकारले कुनै प्रदेश सडकलाई निजी क्षेत्रको लगानीमा निर्माण, सञ्चालन, ब्यवस्थापन र हस्तान्तरण गर्ने गरि अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रलाई लगानीको अनुमति दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **सहयोग गर्नुपर्नेः** यस ऐनको कार्यान्वयन गर्दा मन्त्रालय, निर्देशनालय वा कार्यालयले सहयोग माग गरेमा सम्बन्धित निकायले आवश्यक सहयोग गर्नुपर्नेछ।

२७. **निर्माण सुरु गर्नु अघि समन्वय गर्नुपर्नेः** प्रदेश सडकहरुको निर्माण गर्दा स्थानीय तह, खानेपानी, ढल निकास, विद्युत, दुरसंचार, वन, राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र जस्ता निकायहरुसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

२८. **अधिकार प्रत्यायोजनः** (१) यस ऐन बमोजिम मन्त्रालय, निर्देशनालय वा कार्यालयलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार मन्त्रालय, निर्देशनालय वा कार्यालयले कुनै अधिकारी वा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जरिवाना गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन हुने छैन।

२९. **बचाउः** यो ऐन जारी हुनु अघि प्रचलित कानून बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

३०. **<u>नियम, निर्देशिका तथा कार्यविधि बनाउने अधिकार</u>:** (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।

३१. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसूची-

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

**सडक आयोजना छनौटको प्राथमिकताक्रम**

१. प्रदेश सडकको निर्माण, विस्तार, स्तरोन्नति तथा मर्मत सम्भार गर्ने आयोजनाको छनौटका लागि प्राथमिकताका आधार देहाय बमोजिम हुनेछ।

(क) प्रदेश सडक यातायात गुरुयोजनामा समावेश भएको हुनुपर्नेछ ।

(ख) प्रदेश भित्रका सडकको निर्माण, स्तरोन्नति, विस्तार, तथा मर्मत सम्भारको प्राथमिकताक्रम प्रदेश गुरुयोजना वा आयोजना बैंकमा तोके बमोजिम हुनेछ।